# ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि. को बाह्रौं वार्षिक साधारणसभाको प्रतिवेदन

श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि. को १२ औं वार्षिक साधारणसभामा उपस्थित हुनु भएका प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य माननीय श्री माधव सापकोटा ज्यू, विशेष अतिथि बलेफी गाउँपालिका अध्यक्ष श्री गंगा बहादुर तामाङ ज्यू, वडा अध्यक्ष ज्यू हरु, वडा सदस्य ज्यू हरु, विभिन्न विद्यालयका प्रधानाध्यापक तथा विभिन्न संस्थाका प्रतिनिधि ज्यू हरु तथा सम्पुर्ण शेयर सदस्य ज्यू हरुमा सहकारीको सञ्चालक समितिको तर्फबाट स्वागत सहित न्यानो अभिवादन गर्दछु साथै १२ औं वार्षिक साधारण सभामा सहकारीको वार्षिक प्रतिवेदन पेश गर्ने अनुमति माग गर्दछु ।

सिन्धुपाल्चोक जिल्ला उत्तरपूर्वी क्षेत्रमा अवस्थित तत्कालिन फुल्पिङकोट गा.वि.स मा कार्यक्षेत्र रहने गरी वि.स. २०६८ साल चैत्र १८ गते श्री घम्मर बहादुर श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरी सुरुवात गरिएको यस श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि. मिति २०६९ वैशाख ३१ गतेबाट औपचारिक रुपमा डिभिजन सहकारी कार्यालय धुलिखेलबाट दर्ता प्रमाणपत्र प्राप्त गरी आफ्नो कारोबार सुरुवात गरिएको छ । जसको मुख्य उद्देश्य भनेको कृषि क्षेत्रको सम्पूर्ण समस्याहरुको पहिचान गर्दै कृषिलाई आधुनिकरण गर्दै लैजाने नीति अनुरुप स्थापित यस संस्थाले विगत देखि नै कृषि कार्य प्रोत्साहन गर्दै कृषि क्षेत्रलाई स्तरोन्नती गर्दै लैजाने रणनिति लिएको छ । विगतका दिनहरुमा जिल्ला कृषि विकास कार्यालय चौतारा सिन्धुपाल्चोकको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको र हाल सम्म पनि त्यस कार्यक्रमलाई निरन्तरता दिइरहेको कुरा अवगत गराउँदछु । विगतका वर्षहरुमा जिल्ला कृषि विकास कार्यालयको सहयोगमा कृषकहरुलाई सहुलियत दरमा विउ विजन र रासायनिक मल कृषि औजारको साथै विउ उत्पादन र संकलनको कार्य गर्दै आएको २०७३ मा प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना सिन्धुपाल्चोक अन्तर्गत विऊ संकलन प्रशोधन र विक्री केन्द्रको लागि परियोजना बाट रु १८,००,००० अनुदान र जनश्रमदान रु ३,१९,००० गरी जम्मा रु २१,१९,००० को लागतमा भवन निर्माण गर्न सफल भएका छौं र भवन निर्माणको लागि ०-३-१-० क्षेत्रफलको जग्गा रु. तिन लाखमा सहकारी द्वारा खरिद गरेका छौ । वर्ल्ड भिजनको आर्थिक सहयोग र CDECF को समन्वयमा रु १२ लाख बराबरको यान्त्रिक उपकरण सहयोग प्राप्त भएको सोही मेसिनबाट बिउविजन प्रशोधन गर्दै आएका छौं । बिगतका वर्षमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय हेटौडा र कृषि ज्ञान केन्द्र धुलिखेलको रु. २४ लाख आर्थिक सहयोगमा भोलुङ्गे फुल्पिङकोट सम्मको सडकको निर्माण कार्य सम्पन्न गरियो । साथै उच्च मूल्य अन्तर्गत अलैची खेती प्रवर्द्धन गर्न अलैचीको नर्सरी, अलैची सुकाउन भट्टा निर्माण र भण्डारण गर्नको लागि संकलन केन्द्रको स्थापना गरियो जसमा कुल बजेट ८ लाख १० हजार मध्ये स्थानिय श्रमदान रु. २ लाख ९५ हजार रहेको थियो र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय हेटौडाको कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम मार्फत विभिन्न यन्त्र उपकरणको साथसाथै आ.व २०७६/०७७ मा ५०% अनुदानमा बोलेरो गाडी र आ.व २०७७/७८ मा ब्लक विकास कार्यक्रम मार्फत रु ५० लाखको ५० प्रतिशत अनुदान र आ.व २०७८/७९मा ब्लक विकास कार्यक्रम अन्तर्गत मकैको बिऊ, साना सिँचाइ तथा कृषि यन्त्रहरु वितरण गरियो र साथै कृषि ज्ञान केन्द्र धुलिखेलको आ.व. २०७९/८० खाद्यान्न बाली प्रवर्द्धन अन्तर्गत रु. ५५,००,०००। बराबरको (धान, मकै) कार्यक्रम मार्फत साना सिचाइ, धान मकैको बिउ, कृषि यान्त्रीकरण (मिनिटिलर,डिस्क मिल, कम्बाईन मिल, स्प्रे, विषादी, हर्मेटिक ब्याग विषादी आदि) बलेफी गाउँपालिका मार्फत आलुको बिउ उत्पादनको लागि रु ३१०,००० अनुदान सहयोग साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई चौतारा मार्फत विगतका वर्षहरु बिउ श्रोत केन्द्र, साना सिँचाई, गह्रा सुधार कार्यक्रम, मकै तथा धानको बिऊ उत्पादन अन्य कृषि यन्त्र उपकरण र बिऊ उपचार मेसिन थ्रेसिङ फ्लोर र बिउ व्यवस्थापनको लागि थ्याच हाउस निर्माण गरियो । आ.व.०८०/०८१ मा कृषि बिकास कार्यालयको धान बाली प्रवर्द्धन अन्तर्गत धानको मूल बिऊ, हर्मेटिक ब्याग, थ्रेसर, कम्बाइन मिल, स्प्रेयर, त्रिपाल, डिजिटल तराजु, बोरा छपाई र ट्याक्टर गरि रु.४,३८,०४८ अनुदान प्राप्त भयो । आ.व.०८०/०८१ मा प्रधामन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यन्वयन एकाई सिन्धुपाल्चोक को मकैको बिउ, बिउ प्याकेजिङ ब्याग, र मेसिनरी सामान गरि रु.४,३५,७९३ (कर कट्टी पश्चातको रकम) अनुदान प्राप्त भयो । आ.व.०८०/०८१ मा नै मकैबाली प्रवर्द्धन अन्तरगत बलेफी गा.पा. वडा नं. २ र ३ को कृषकहरुका लागि मकैको बिउमा ५० प्रतिशत अनुदान रकम रु १,४२,४९५ रुपैया बलेफी गा.पा.को कार्यालय मार्फत प्राप्त भयो । बलेफी गाउँपालिका लगायतको कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग उपलब्ध गराउने मकै जोन कार्यन्वयन एकाई

चौतारा, कृषि ज्ञान केन्द्र धुलिखेललाई धन्यवाद ज्ञापन गर्दछौ । साथै आगामी दिनमा पनि साथ र सहयोगको अपेक्षा गर्दछौ ।

सम्पूर्ण शेयर सदस्य तथा प्रतिनिधि ज्यू हरु,

हामीले सबै सदस्यहरुको सहयोगले नै आज हामी यो स्थान सम्म आइपुगेका छौं, र आगामी दिनहरुमा पनि यहाँहरुको सहयोगको अपेक्षा गर्दछौ । आ.व. २०७९/०८० मा आर्थिक कारोवारलाई व्यवस्थित गर्दै नियमित बैंकिङ कारोवार गर्ने सिलसिलामा सम्पूर्ण कारोवार विद्युतिय माध्यम Software को माध्यमबाट कारोबार सञ्चालन गरिरहेको / रेमिटेन्सको समेत कारोबार सञ्चालन गरिरहेका छौ साथै चेक बुक र Mobile Banking सेवा समेत उपलब्ध गराई जस्को माध्यमबाट शेयर सदस्यहरुले बत्तीको महशुल रिचार्ज कार्ड, Bank Transfer, बिमा शुल्क भुक्तानी, Digital Banking लगायतका सेवा उपलब्ध गराइरहेका छौं । साना किसान बिकास लघुवित्त वित्तिय संस्था सँग सहकार्य गरी आ.व २०८०/८१ मा सहुलियत ब्याजदरमा पशुपालन कर्जा स्वावलम्बन कर्जा र सहुलियतकर्जा गरि १ करोड ३५ लाख लगानी गरिएकोका यस वर्ष ५ करोड माग गरिएकोले आवश्यकता अनुसार सदस्यहरुलाई लगानी गर्ने योजनामा रहेको छौ । कर्जा उपलब्ध गराउन भएकोमा साना किसान विकास लघुवित्त वित्तिय संस्थालाई पनि धन्यवाद ज्ञापन गरिन्छ । आ.व. ०७८/०७९ देखि साना किसान मोडलमा गई सहकारीले नै कृषकहरुको प्रोत्साहनको लागि पशु बीमा कार्यक्रम सञ्चालन गरिरहेका छौं र थप प्रभावकारी बनाउन गाउँपालिकासँग सहकार्य गरी थप बिस्तार गरिनेछ । संस्थाले यस वर्ष कृषक सदस्यहरु बाट ९०२५ किलो मकैको बिउ खरिद गरि विभिन्न संघ संस्थाहरुमा बिकि वितरण गरेको छ । संस्थाले आ.व.८०/०८१ बलेफी गा.पा.वडा नं. २ भ्गोलुङगेमा कित्ता नं. १०७५ को ०-४-० -० क्षेत्रफल भएको जग्गा रु. सात लाखमा सहकारी द्धारा खरिद गरेका छ । साथै निरन्तर रुपमा मुनाफा वितरण गर्न सफल यस सहकारी सस्थाले यस वर्षको मुनाफाबाट १८ प्रतिशत लाभांश (वोनस) वितरण गर्न सफल भएका छ ।

भावि योजनाहरु

१. कृषि प्रणालीलाई आधुनिकीकरण तथा यान्त्रीकरण तर्फ रुपान्तरित गर्दै लैजाने र यान्त्रीकरणको लागि वडा र पालिकालाई अनुदान उपलब्ध गराउन पहल गर्ने ।
२. परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई समय सापेक्ष आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ केन्द्रित गराउने र जसको लागि सहकारीले समन्वय गरि आवश्यक प्रबन्ध मिलाइनेछ ।
३ कृषकहरुलाई नया नयाँ बिऊ विजनहरुको खोज अनुसन्धान गर्दै उन्नत विउविजन उपलब्ध गराउने।
४ सहकारी खेती प्रणालीलाई अवलम्बन गर्ने ।
५. धान मकै र आलुको बिउ उत्पादन र प्रशोधनलाई केन्द्रित गरि बिऊ उत्पादनमा आत्मानिर्भर बनाउने ।
६.उत्पादन वृद्धि गर्न प्रत्येक वर्ष नयाँ बिऊ परिवर्तन गरी उन्नत बिऊ उपलब्ध गराउन आवश्यक पहल गर्ने।
८. स्थानीय तहहरु संग समन्वय गरि सहकारी मार्फत ब्यापक रुपमा विभिन्न निकायमार्फत सहयोग जुटाई कृषकहरुको मागलाई सम्बोधन गरिरहेको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिदै आम शेयर सदस्य तथा कृषकहरुप्रति प्रतिवद्ध रहने ।
९. यस सहकारीको कार्यक्षेत्र भित्रका ४,५,६,७ र ८ वडाका कृषकहरुलाई पनि यस संस्थामा आवद्ध गराई सेवा सुबिधा उपलब्ध गराउनका लागि पायक पर्ने स्थानमा एउटा थप सेवा केन्द्र विस्तार गर्ने ।
१०.सहकारीलाई ब्रम्मायणी करिडोरको उत्कृष्ठ नमुना सहकारीमा बिकास गरी जिल्लामा नमुना सहकारीको स्थान हाँसिल गर्न थप कार्य गर्ने ।
११. आगामी दिनमा सहकारीले बजार क्षेत्रमा जग्गा खरिद गरि आफ्नै प्रशासनिक भवन निर्माण गरी कारोवार सञ्चालन गर्न प्रयत्न गर्नेछ ।
१२. सहकारीद्वारा ३६५ दिने बैकिङ कारोबार गत वर्षबाट सञ्चालन गरिएको र थप ब्यवस्थित गर्दै लगिनेछ ।
१३. उत्कृष्ठ किसान छनौट गरी पुरस्कृत गर्न विभिन्न निकायमा समन्वय गरिनेछ ।
१४. साना किसान मार्फत थप सहुलियत कर्जा माग गरी वास्तविक किसानलाई कृषि व्यवसायमा प्रवर्द्धन गर्नको लागि थप तालिम र लगानी सुब्यवस्थित गर्ने ।
१५.दाना उद्योग सञ्चालन गर्न थप कार्य गरि गुणस्तरीय दाना बिक्री वितरण गर्ने ।
१६.पशु बिमा कार्यक्रममा स्थानीय तह मार्फत थप अनुदान माग गरी सबैको पहुँचमा बिमा कार्यक्रम पुर्याउने ,
१७.सेवा ग्राहीको सेवालाई मध्यनजर गरी मोबाइल बैकिङ सेवालाई थप विस्तार ब्यापक रुपमा गरिने छ ।
१८.प्रत्येक टोलमा निमार्ण गरिएको समूह तथा अन्तरसूहहरु बिस्तार गरि समूह मार्फत सहकारीको क्रियाकलापहरु

थप सक्रियता बढाउँदै लगिनेछ ।

१९. प्रजनन बिउ उत्पादनको इजाजत लिइ बिउ उत्पादनलाई थप सशक्त पारिनेछ ।

२०. शेयर सदस्यहरुको जीवन सुरक्षाको लागि एक सदस्य बराबर कम्तिमा ३ लाख देखि माथिको म्यादि जीवनबिमा सुरुवात गरिसकेको र यसलाई अझै प्रभावकारी रुपमा सञ्चालन गराउँदै लैजाने ।

२१. धान, आलु र मकैको बिउ उत्पादन तथा बिक्री वितरणलाई निरन्तरता दिइनेछ । साथै स्थानीय तहलाई आर्थिक सहयोगको लागि पहल गर्ने ।

२२. शेयर सदस्यहरुलाई तरकारी उत्पादनमा प्रोत्साहन गर्दै उत्पादित तरकारी लाई स्थानिय तहको समन्वयमा संकलन केन्द्र स्थापना गरि बजारीकरण गरिने छ ।

२३. समूह अन्तरसमूह, ऋण लगानीमा नियमित साँवा र ब्याज भुक्तानी गर्ने सदस्य, समूहहरु मध्ये उत्कृष्ट समूह, उत्कृष्ट बिऊ उत्पादन कृषक, नियमित रेमिटान्स कारोबार गर्ने सदस्य, उत्कृष्ट पशुपालन गर्ने कृषक सदस्य, उत्कृष्ट फर्म सञ्चालन गर्ने कृषक सदस्य, बढी मात्रामा सहकारी संस्थाबाट पशुको बिमा गर्ने सदस्य, उत्कृष्ट तरकारी खेती गर्ने सदस्य, मोबाइल बैंकिङ कारोबारको अधिकतम प्रयोग गर्ने सदस्य, र सहकारी संस्थाले संचालन गरेको ढुवानी सेवा (बोलेरो गाडि)को अधिकतम प्रयोग गरि भाडा भुक्तानी गर्ने सदस्य र शेयर सदस्यहरुका छोराछोरीले कृषि विषय अध्ययन गरि SEE र SLC मा उत्कृष्ट अंक हासिल गर्ने विध्यार्थी भाइबहिनीहरु मध्ये दुई जनालाई वार्षिक रुपमा पुरस्कृत गर्ने ।

२४. सहकारीको विभिन्न सूचनाहरु प्रवाह गर्नका लागि सहकारीले आफ्नो छुट्टै website निमार्ण गरि सूचना प्रवाह गरिनेछ ।

२५. कर्मचारीहरुलाई स्थानिय, प्रदेश तथा संघीय सरकारबाट सहयोग लिई अगुवा कृषक वा समुह सदस्यहरुलाई अवलोकन भ्रमणको आयोजना गर्ने ।

२६. प्रत्येक एक घर एक टनेल कार्यक्रमको लागि स्थानिय सरकार संग अनुरोध गरि कार्यक्रम अगि बढाउने ।

२७. संस्थामा कार्यरत कर्मचारीहरु तथा सञ्चालकहरुका लागि आवश्यक शिप तथा तालिमको व्यवस्था मिलाउने ।

२८. डि.डि.सि.को भुक्तानीबाट समस्यामा परेका दुग्ध उत्पादक कृषकहरुको दुध संकलन तथा वितरणका लागि व्यवस्थापन गर्न थप कार्यहरु अघि बढाउने

हामीले ३८ जना बाट सुरु गरेको संस्था आज सम्म आइपुग्दा ९८० जना र रु १८५०० बाट सुरु गरेको शेयर पुँजी रु ८२,२४,४०० र कारोवार रु दश करोड एकाउन्न लाख भन्दा माथी पुर्‍याउन सफल भएका छौ । हाल रु दुइ लाख सम्म बिना धितो सदस्य जमानी बस्ने गरी ऋण सुविधा र त्यो भन्दा माथिको रकममा धितोबाट धितोको मुल्याङ्कनको आधारमा १५ लाख सम्म ऋण लगानी गरिरहेका छौं । आगामी दिनमा अन्य सहकारी तथा कृषक समूहलाई एक आपसमा गाभी कारोवार लाइ व्यापक बनाउने लक्ष्य लिएका छौं । आगामी दिनमा अन्य सहकारी तथा कृषक समुहलाई एक आपसमा गाभी कारोवार लाइ व्यापक बनाउने लक्ष्य लिएका छौं । आगामी दिनहरुमा अझ प्रभावकारी सेवा उपलब्ध गराउन सक्रिय रहने, कृषिलाई आधुनिकीकरण गर्दै कृषकहरुको हक हितको लागि निरन्तर लागिरहने प्रतिद्धता व्यक्त गर्दै विभिन्न NGO INGO तथा गाउँपालिका, साना किसान लघुवित्त, कृषि विकास कार्यालय, प्रधानमन्त्री आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ चौतारा र अन्य निकायको सहयोगको अपेक्षा समेत गर्दै आज यो स्थान सम्म पुर्‍याउन सहयोग गर्नुहुने संस्थापक ज्यू, सल्लाहकार, बचतकर्ता, शेयर सदस्यहरु, बिउ उत्पादक कृषक ज्यू, व्यवसायिक कृषक, सञ्चालक समिति र उप-समितिका पदाधिकारी, कर्मचारी तथा सम्पुर्ण सरोकार वालाहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि साथ सहयोग र सल्लाह सुझावको अपेक्षा गर्दै सम्पूर्ण सुवेच्छुक प्रति हार्दिक आभार गर्दछु ।

जय सहकारी

पदम बहादुर भण्डारी<br>
का.वा.अध्यक्ष<br>
मिति २०८१ मंसिर २२ गते

# ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि को एघारौ वार्षिक साधरणसभाको प्रतिवेदन

श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि को ११ औ वार्षिक साधारणसभामा उपस्थित हुनु भएका प्रमुख अतिथि बागमती प्रदेश सभाषद मा. श्री अमृता नेपाल ज्यू विशेष अतिथि बलेफी गाउँपालिकाको अध्यक्ष श्री गंगा बहादुर तामाङ ज्यू वडा अध्यक्ष ज्यू वडा सदस्य विभिन्न विद्यालयका प्रधानाध्यापक तथा विभिन्न संस्थाका प्रतिनिधि ज्यू तथा सम्पुर्ण शेयर सदस्य ज्यू हरुमा सहकारीको सञ्चालक समितिको तर्फबाट स्वागत सहित न्यानो अभिवादन गर्दछु साथै वार्षिक प्रतिवेदन पेश गर्ने अनुमती माग गर्दछु ।

सिन्धुपाल्चोक जिल्ला उत्तरपूर्वी क्षेत्रमा अवस्थित तत्कालिन फुल्पिङकोट गा.वि.स मा कार्यक्षेत्र रहने गरी वि.स २०६८ साल चैत्र १८ गते श्री घम्मर बहादुर श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरी सुरुवात गरिएको यस श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि मिति २०६९ वैशाख ३१ गतेबाट औपचारिक रुपमा डिभिजन सहकारी कार्यालय धुलिखेलबाट दर्ता प्रमाणपत्र प्राप्त गरी आफ्नो कारोबार सुरुवात गरियो । जसको मुख्य उद्देश्य भनेको कृषि क्षेत्रको सम्पूर्ण समस्याहरुको पहिचान गर्दै कृषिलाई आधुनिकरण गर्दै लैजाने निति अनुरुप स्थापित यस संस्थाले विगत देखी नै कृषि कार्य प्रोत्साहन गर्दै कृषि क्षेत्रलाई स्तरोन्नती गर्दै लैजाने रणनिति लिएको छ । विगतका दिनहरुमा जिल्ला कृषि विकास कार्यालय चौतारा सिन्धुपाल्चोकको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको र हाल सम्म पनि त्यस कार्यक्रमलाई निरन्तरता दिइरहेको कुरा अवगत गराउदछु । विगतका वर्षहरुमा जिल्ला कृषि विकास कार्यालयको सहयोगमा कृषकहरुलाई सहुलियत दरमा विउ विजन र रासायनिक मल कृषि औजारको साथै विउ उत्पादन र संकलनको कार्य गर्दै आएको २०७३ मा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना सिन्धुपाल्चोक अन्तर्गत विउ सकलन प्रशोधन र विक्री केन्द्रको लागि परियोजना बाट रु १८,००,००० अनुदान र जनश्रमदान रु ३,१९,००० गरी जम्मा रु २१,१९,००० को लागतमा भवन निर्माण गर्न सफल भएका छौं । र भवन निर्माणको लागि ०-३-१-० क्षेत्रफलको जग्गा रु तिन लाखमा सहकारी द्वारा खरिद गरेका छौ वल्ड भिजनको आर्थिक सहयोग र CDECF को समन्वयमा रु १२ लाख बराबरको यान्त्रिक उपकरण सहयोग प्राप्त भएको सोही मेसिनबाट बिउविजन प्रशोधन गर्दै आएका छौ । साथै नमुना खेती अन्तर्गत मकै जोन कार्यान्वयन एकाई सिन्धुपाल्चोकको सहकार्यमा ज्याब सिडर मेसिन मार्फत मकै खेती लाइनमा रोप्ने कार्यलाई बिस्तार गरिदै लगिएको छ। यसलाई आगामी वर्ष व्यापक बनाउँदै लैजाने प्रतिवद्धता गर्दछौ बिगतका वर्षमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय हेटौडा र कृषि ज्ञान केन्द्र धुलिखेलको रु २४ लाख आर्थिक सहयोगमा झोलुङ्गे फुल्पिङकोट सम्मको सडकको निर्माण कार्य सम्पन्न गरियो साथै उच्च मूल्य अन्तर्गत अलैचि खेती प्रवर्द्धन गर्न अलैचीको नर्सरी, अलैची सुकाउन भट्टा निर्माण र भण्डारण गर्नको लागि संकलन केन्द्रको स्थापना गरियो जसमा कुल बजेट ८ लाख १० हजार मध्ये स्थानिय श्रमदान रु २ लाख ९५ हजार रहेको थियो र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय हेटौडाको कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम मार्फत विभिन्न यन्त्र उपकरणको साथसाथै आ.व २०७६/०७७ मा ५०% अनुदानमा बोलेरो गाडी र आ.व २०७७/७८ मा ब्लक बिकास कार्यक्रम मार्फत रु ५० लाखको ५० प्रतिशत अनुदान र आ.व २०७८/७९मा ब्लक बिकास कार्यक्रम अन्तर्गत मकैको बिउ , साना सिँचाइ तथा कृषि यन्त्रहरु वितरण गरियो र साथै कृषि ज्ञान केन्द्र धुलिखेलको आ.व. २०७९/८० खाद्यान्न बाली प्रवर्द्धन अन्तर्गत रु. ५५,००,०००। बराबरको (धान, मकै) कार्यक्रम मार्फत साना सिचाइ, धान मकैको बिउ, कृषि यान्त्रीकरण (मिनिटिलर,डिस्क मिल, कम्बाईन मिल, स्प्रे, विषादी, हर्मेटिक ब्याग विषादी आदि) बलेफी गाउँपालिका मार्फत आलुको बिउ उत्पादनको लागि रु ३१०,००० अनुदान सहयोग साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई चौतारा मार्फत विगतका वर्षहरु बिउ श्रोत केन्द्र, साना सिँचाई, गह्रा सुधार कार्यक्रम, मकै तथा धानको विउ उत्पादन अन्य कृषि यन्त्र उपकरण र बिउ उपचार मेसिन थ्रेसिङ फ्लोर र बिउ व्यवस्थापनको लागि थ्याच हाउस निर्माण लगायतको कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग उपलब्ध गराउने मकै जोन कार्यन्वयन एकाई चौतारा, कृषि ज्ञान केन्द्र धुलिखेललाई धन्यवाद ज्ञापन गर्दछौ । साथै आगामी दिनमा पनि साथ र सहयोगको अपेक्षा गर्दछौं ।

सम्पूर्ण शेयर सदस्य तथा प्रतिनिधि ज्यू हरु,

हामीले सबै सदस्यहरुको सहयोगले नै आज हामी यो स्थान सम्म आइपुगेका छौ र आगामी दिनहरुमा पनि यहाँहरुको सहयोगको अपेक्षा गर्दछौ । गत आर्थिक वर्षमा आर्थिक कारोवारलाई व्यवस्थित गर्दै नियमित बैंकिङ कारोवार गर्ने सिलसिलामा सम्पूर्ण कारोवार विद्युतिय माध्यम Software को माध्यमबाट कारोबार सञ्चालन गरिरहेको / रेमिटेन्सको समेत कारोबार सञ्चालन गरिरहेका छौ साथै चेक बुक र Mobile Banking सेवा समेत उपलब्ध गराई जस्को माध्यमबाट शेयर सदस्यहरुले बत्तीको महशुल रिचार्ज कार्ड, Bank Transfer, बिमा शुल्क भुक्तानी, Digital Banking लगायतका सेवा उपलब्ध गराइरहेका छौं । युवाहरुलाई स्वरोजगार बनाउने शिलशिलामा युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत सञ्चालित कार्यक्रम मार्फत रु १५ लाख स्वीकृत भई जस अन्तर्गत पहिलो किस्ता बापत १५ लाख प्राप्त गरी १३ जना व्यक्तिहरुलाई लगानी गरी स्वरोजगार कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालन गरिसकेको छौ र उक्त कर्जा चुक्ता भइसकेको छ । साना किसान बिकास लघुवित्त वित्तिय सँग सहकार्य गरी गत आ.व २०७९/८० मा सहुलियत ब्याजदरमा पशुपालन कर्जा स्वावलम्बनकर्जा, सहुलियतकर्जा, ग्रामिण उद्यम कर्जा र लघु कर्जा गरी ४ करोड पन्ध्र लाख लगानी गरिएकोका यस वर्ष ६ करोड माग गरिएकोले आवश्यकता अनुसार सदस्यहरुलाई लगानी गर्ने योजनामा रहेको छौ । कर्जा वितरण गर्न सफल भएकोमा साना किसान बिकास लघुवित्त वित्तिय संस्थालाई पनि धन्यवाद ज्ञापन गरिन्छ । गत वर्ष देखी मोडलमा गई सहकारीले नै कृषकहरुको प्रोत्साहनको लागि पशु बीमा कार्यक्रम सञ्चालन गरिरहेका छौं र थप प्रभावकारी बनाउन गाउँपालिकासँग सहकार्य गरी थप बिस्तार गरिनेछ । साथै निरन्तर रुपमा मुनाफा वितरण गर्न सफल यस सहकारी संस्थाले गतवर्ष आर्थिक संकट भएतापनि मुनाफामा बृद्धि भएको छ र यस वर्ष पनि १८ प्रतिशत लाभांश (वोनस) वितरण गर्न सफल भएका छौं । .

भावि योजनाहरु

१. कृषि प्रणालीलाई आधुनिकिकरण तथा यान्त्रिकरण तर्फ रुपान्तरित गर्दै लैजाने र यान्त्रिकरणको लागि वडा र पालिकालाईअनुदान उपलब्ध गराउन पहल गर्ने ।
२. परम्परागत निर्वाहमुखी खेति प्रणालीलाई समय सापेक्ष आधुनिकरण तथा व्यवसायिकरण तर्फ केन्द्रित गराउने र जसको लागि सहकारीले समन्वय गरि आवश्यक प्रबन्ध मिलाइनेछ ।
३ कृषकहरुलाई नया नयाँ विउ विजनहरुको खोज अनुसन्धान गर्दै उन्नत विउविजन उपलब्ध गराउने।
४ सहकारी खेती प्रणालीलाई अवलम्बन गर्ने ।
५. धान मकै र आलुको बिउ उत्पादन र प्रशोधनलाई केन्द्रित गरि बिउ उत्पादनमा आत्मानिर्भर बनाउने ।
६.उत्पादन वृद्धि गर्न प्रत्येक वर्ष नयाँ बिउ परिवर्तन गरी उन्नत विउ उपलब्ध गराउन आवश्यक पहल गर्ने।
७.यस पालिकाको तल्लो भुभागमा हिउँदे बालिनाली लगाउनको लागि कृषि सम्बन्धि कार्यक्रम सन्चालन गर्नको लागि वडा कार्यालय तथा पालिकाको ध्यानाकर्षण गर्ने ।
८. अन्य स्थानीय तहमा स्थानीय तहमार्फत कृषि सम्बन्धि ब्यापक रुपमा कार्यक्रम सञ्चालन भएतापनि हाम्रो स्थानिय तहमा खासै सञ्चालन नभएतापनि सहकारी मार्फत ब्यापक रुपमा विभिन्न निकायमार्फत सहयोग जुटाई कृषकहरुको मागलाई सम्बोधन गरिरहेको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिदै आम शेयर सदस्य तथा कृषकहरुप्रति प्रतिवद्ध रहने ।
९. यस सहकारीको कार्यक्षेत्र भित्रका ४,५,६,७ र ८ वडाका कृषकहरुलाई पनि यस संस्थामा आवद्ध गराई सेवा सुबिधा उपलब्ध गराउनका लागि पायक पर्ने स्थानमा एउटा थप सेवा केन्द्र विस्तार गर्ने ।
१०.सहकारीलाई ब्रम्मायणी करिडोरको उत्कृष्ठ नमुना सहकारीमा बिकास गरी जिल्लामा नमुना सहकारीको स्थान हाँसिल गर्न थप कार्य गर्ने ।
११. आगामी दिनमा सहकारीले जग्गा खरिद गरि आफ्नै प्रशासनिक भवन निर्माण गरी कारोवार सञ्चालन गर्न प्रयत्न गर्ने ।
१२. सहकारीद्धारा ३६५ दिने बैकिङ कारोबार यसै वर्षबाट सञ्चालन गरिएको र थप ब्यवस्थित गर्दै लगिनेछ ।
१३. उत्कृष्ठ किसान छनौट गरी पुरस्कृत गर्न विभिन्न निकायमा समन्वय गरिनेछ ।

१४. साना किसान मार्फत थप सहुलियत कर्जा माग गरी वास्तविक किसानलाई कृषि व्यवसायमा प्रवर्द्धन गर्नको लागि थप तालिम र लगानी सुव्यवस्थित गर्ने ।

१५.दाना उद्योग सञ्चालन गर्न थप कार्य गरि गुणस्तरीय दाना बिक्री वितरण गर्ने ।

१६. पशु बिमा कार्यक्रममा स्थानीय तह मार्फत थप अनुदान माग गरी सबैको पहुँचमा बिमा कार्यक्रम पुर्‍याउने ,

१७. सेवा ग्राहीको सेवालाई मध्यनजर गरी मोबाइल बैकिङ सेवालाई थप विस्तार ब्यापक रुपमा गरिने छ ।

१८. प्रत्येक टोलमा निमार्ण गरिएको समुह तथा अन्तरसमुहहरु बिस्तार गरि समुह मार्फत सहकारीको क्रियाकलापहरु थप सक्रियता बढाउँदै लगिनेछ ।

१९. प्रजनन बिउ उत्पादनको इजाजत लिइ बिउ उत्पादनलाई थप सशक्त पारिनेछ ।

२०. शेयर सदस्यहरुको जीवन सुरक्षाको लागि एक सदस्य बराबर कम्तिमा ३ लाख देखि माथिको म्यादि जीवन बिमा सञ्चालन गराउँदै लैजाने ।

२१. धान, आलु र मकैको बिउ उत्पादन तथा बिक्री वितरणलाई निरन्तरता दिइनेछ । साथै स्थानीय तहलाई आर्थिक सहयोगको लागि पहल गर्ने ।

२२. शेयर सदस्यहरुलाई तरकारी उत्पादनमा प्रोत्साहन गर्दै उत्पादित तरकारी लाई स्थानिय तहको समन्वयमा संकलन केन्द्र स्थापना गरि बजारीकरण गरिने छ ।

२३. समुह अन्तरसमुह, ऋण लगानीमा नियमित साँवा र ब्याज भुक्तानी गर्ने सदस्य,उत्कृष्ट बिउ उत्पादन कृषक,नियमित कारोबार गर्ने बाल बचतकर्ता, जेष्ठनागरिक बचतकर्ता,उत्कृष्ट पशुपालन गर्ने कृषक सदस्य,मोबाइल बैंकिङ कारोबारको अधिकतम प्रयोगर्ने सदस्य र सहकारी संस्थाले संचालन गरेको ढुवानी सेवा (बोलेरो गाडि)को अधिकतम प्रयोग गरि भाडा भुक्तानी गर्ने सदस्यहरुलाई पुरस्कृत गर्ने

हामीले ३८ जना बाट सुरु गरेको संस्था आज सम्म आइपुग्दा ८८४ जना र रु १९००० बाट सुरु गरेको शेयर पुँजी रु ६९१३००० भन्दा माथी कारोवार रु ८ करोड पचासि लाख भन्दा माथी पुयाउन सफल भएका छौ । हाल रु दुइ लाख सम्म बिना धितो सदस्य जमानी बस्ने गरी ऋण सुविधा र त्यो भन्दा माथिको रकममा धितोबाट धितोको मुल्याङ्कनको आधारमा १५ लाख सम्म ऋण लगाानी गरिरहेका छौं । आगामी दिनमा अन्य सहकारी तथा कृषक समुहलाई एक आपसमा गाभी कारोवार लाइ व्यापक बनाउने लक्ष्य लिएका छौं । आगामी दिनमा अन्य सहकारी तथा कृषक समुहलाई एक आपसमा गाभी कारोवार लाइ व्यापक बनाउने लक्ष्य लिएका छौं । आगामी दिनहरुमा अझ प्रभावकारी सेवा उपलब्ध गराउन सक्रिय -रहने प्रतिवद्धता गर्दै कृषिलाई आधुनिकरण गर्दै कृषकहरुको हक हितको लागि निरन्तर लागिरहने प्रतिद्धता गर्दै विभिन्न NGO INGO तथा गाउपालिका, कृषि ज्ञान केन्द्र,प्रधानमन्त्री आधुनिकिकण परियोजना , परियोजना कार्यान्वयन इकाइ चौतारा,र अन्य निकायको सहयोगको अपेक्षा समेत गर्दै आज यो स्थान सम्म पुऱ्याउन सहयोग गर्नुहुने संस्थापक ज्यू, सल्लाहकार, बचतकर्ता, शेयर सदस्यहरु, बिउ उत्पादक कृषक ज्यू,ब्यवसायिक कृषक, सञ्चालक समिति र उप-समितिका पदाधिकारी ,कर्मचारी तथा सम्पुर्ण सरोकार वालाहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि साथ सहयोग र सल्लाह सुझावको अपेक्षा गर्दै सम्पूर्ण सुवेच्छुक प्रति हार्दिक आभार गर्दछु ।

जय सहकारी

राज कुमार श्रेष्ठ<br>
अध्यक्ष<br>
मिति २०८०असोज २७ गते

# ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि को दशौ वार्षिक साधारण सभाको प्रतिवेदन

यस सहकारी संस्थाको १० औ वार्षिक साधरणसभामा उपस्थित सम्पुर्ण शेयर सदस्यहरुमा न्यानो अभिवादन सहित यस संस्थाका संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

सिन्धुपाल्चोक जिल्ला उत्तरपूर्वी क्षेत्रमा अवस्थित तत्कालिन फुल्पिङकोट गा.वि.स मा कार्यक्षेत्र रहने गरी वि.स २०६८ साल चैत्र १८ गते श्री घम्मर बहादुर श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरी सुरुवात गरिएको यस श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि मिति २०६९ वैशाख ३१ गतेबाट औपचारिक रुपमा डिभिजन सहकारी कार्यालय धुलिखेलबाट दर्ता प्रमाणपत्र प्राप्त गरी आफ्नो कारोबार सुरुवात गरियो ।तत्कालिन अवस्थामा ३८ जना सदस्य र रु १९,००० शेयर पुँजीबाट सुरुवात गरियो । जसको मुख्य उद्देश्य भनेको कृषि क्षेत्रको सम्पूर्ण समस्याहरुको पहिचान गर्दै कृषिलाई आधुनिकरण गर्दै लैजाने निति अनुरुप स्थापित यस संस्थाले विगत देखी नै कृषि कार्य प्रोत्साहन गर्दै कृषि क्षेत्रलाई स्तरोन्नती गर्दै लैजाने रणनिति लिएको छ ।हाल कार्यक्षेत्र बिस्तार गरी बलेफी गाउँपालिका भरी सेवा सुविधा उपलब्ध गराउँदै आइरहेका छौ । हाल ५ जना कर्मचारीहरु मार्फत शाखा कार्यालय र सेवा कार्यालय सञ्चालन गर्दै आईरहेको छौ । हाल करिव ९ करोडको कारोबार गर्न सफल भएका छौ । साना किसान बिकास लघुबित्त वित्तिय संस्था मार्फत विभिन्न किसिमका सहुलियत कर्जा वितरण गदै आइरहेका छौ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना ,परियोजना कार्यान्वयन इकाइ, चौतारा, कृषि ज्ञान केन्द्र धुलिखेल , काभ्रे र बलेफी गाउँपालिका मार्फत कृषि सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आईरहेका छौ र हाल सम्म पनि त्यस कार्यक्रमलाई निरन्तरता दिरहेको कुरा अवगत गराउदछु । साथै यस बर्ष सेयर सदस्यहरुलाई १८ प्रतिशत लाभाश वितरण गर्न सफल भएको जानकारी समेत गराउँदछु ।

शेयर पुजी ५०,१२,९००

बचत संकलन ३७९२०३९५

युवा स्वरेजगार कर्जा रु.१२५०००

ग्रामिण उद्यम कर्जा रु.५५,००,०००

स्वावलम्बन कर्जा रु.१५,००,०००

सहुलियत पुर्ण कर्जा रु.४२,००,०००

पशुपालन कर्जा रु.१,४४,००,०००

लघु कर्जा रु.५९,००,०००

गरी जम्मा बाह्य कर्जा रु.३१६,२५,००० गरी

जम्मा ऋण लगानी रु.७,४४,६३,४४८

शेयर सदस्यहरु जम्मा ७४७ महिला: २९७ पुरुष : ४५०

दैनिक बचत :२१२ जना

साधरण बचत कर्ता २३८ जना

हाल सञ्चालनमा रहेका सेवाहरु
१. मोवाइल बैकिङ्ग,रेमिटेन्स, अनलाईन भुक्तानी, विजुली तथा बिमा शुल्क भुक्तानी सेवा
२.पशुधन सुरक्षण (पशु बिमा ) सञ्चालन

३. धान मकै, र आलुको बिउ उत्पादन तथा वितरण
४. सहुलियत कर्जा लगानी
५. बलेफी गाउँपालिका वडा नं. ३ मा सेवा कायाृलय सञ्चालन
६. रासायनिक मल खरिद बिक्री
७. ५० प्रतिशतमा कृषि यन्त्रहरु वितरण
८. सिँचाई आयोजना निर्माण, र बिउ संरक्षण र भण्डारणको लाथि थ्याच हाउस निर्माण
९. पेलेट दाना उद्योग स्थापना।
भावी योजनाहरु
१. साना किसान मार्फत थप सहुलियत कर्जा माग गरी बास्तविक किसानलाई कृषि ब्यवसायमा प्रवर्द्धन गर्नको लागि थप तालिम र लगानी सुब्यवस्थित गर्ने।
२.दाना उद्योग सञ्चालन गरी गुणस्तरीय दाना बिक्री वितरण गर्ने ।
३. पशु बिमा कार्यक्रममा स्थानीय तह मार्फत थप अनुदान माग गरी सबैको पहुँचमा बिमा कार्यक्रम पुर्‍याउने ,
४. सेवा ग्राहीको सेवालाई मध्यनजर गरी ३६५ दिने बैकिङ सेवा सञ्चालन गर्ने।
५. प्रत्येक टोलमा विभिन्न समुह निर्माण गरी समुह मार्फत थप सक्रियता बढाउँदै लैजाने ।

साधरण सभामा प्रस्तुत हुने प्रस्तावहरु

१. भावी योजना सहितको निति तथा कार्यक्रम, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा ।
२. लाभांश वितरण सम्बन्धमा ।
३. लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४. रासायनीक मल खरिद बिक्री सम्बन्धमा ।
५. संस्था एकीकरण सम्बन्धमा ।
६. विविध । विभिन्न निति तथा कार्याविधिहरु
७. साधरण सभाको निर्णय पुस्तिका बन्द प्रतिनिधि छनौट सम्बन्धमा ।

राज कुमार श्रेष्ठ
अध्यक्ष
श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि.
बलेफी गाउँपालिका-२, सिन्धुपाल्चोक
मिति २०७९ असोज २५ गते